नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

**ई.पि.एस.कोरिया शाखा**

ग्वार्को, ललितपुर ।

**प्रेस विज्ञप्ती**

नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच सन् २००७ मा रोजगार अनुमति प्रणाली (EPS) सम्झौता (MOU) भए पश्चात सन् २०२५ मा मात्रै बिभिन्न क्षेत्र गरी ११९७८ जना समेत हाल सम्म करिब १,२१,००० जना नेपाली श्रमिकहरु दक्षिण कोरिया गएर रोजगारी प्राप्त गरिसकेको अवस्था छ। HRD Service of Korea बाट कोरियन भाषा परीक्षा र Skill Test उत्तिर्ण गरी बिभिन्न क्षेत्रका रोष्टरमा रहेका व्यक्तिहरुले मिति २०८२।०९।१६ गते देखि विभिन्न मागहरु राखी यस कार्यालयमा धर्ना, जुलुस, आन्दोलन जस्ता कार्यहरु गरेको सन्दर्भमा मागरत पक्षका प्रतिनिधिहरु र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू र वैदेशिक रोजगार विभागको महानिर्देशकज्यू लगायतका पदाधिकारी तथा कर्मचारीहरुसंग समस्या सामाधानको लागि मिति २०८२।०९।१८ गते छलफल भई मन्त्रालयमा भएको सहमती/निर्णय अनुसार यस अघि नै मन्त्रालयबाट विज्ञप्ती जारी भैसकेको र सो सहमती/निर्णय अनुसार कार्य भैरहेकोले मागरत पक्षहरुले हाललाई कुनै किसिमको बिरोध, प्रदर्शन तथा आन्दोलन जस्ता कार्य नगर्न नगराउन एवं संयमित रहन आग्रह गर्दछौ ।

साथै, रोष्टरमा रहेका व्यक्तिहरुको Issue गराईदिने भनि केही व्यक्ति/समुहबाट झुट्ठा आश्वासन दिने गरेको गुनासाहरु सुन्नमा आएको, त्यस्तै झुट्ठा आश्वासन सामाजिक सञ्जालमा समेत आउने गरेको र यस कार्यालयको नाममा बिभिन्न नक्कली फेसबुक पेजहरु बनाई आम सेवाग्राहीहरुमा भ्रम सृजना गर्ने गरेको समेत पाईएको विषय प्रति यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । कोरियाको रोजगारदाताहरुले मात्र श्रमिकहरुको छनौट/ईस्सु गर्ने र श्रमिकहरुको छनौट/ईस्सु रोजगारदाता बाहेक अन्यत्रबाट नहुने हुँदा भाषा पढीरहनु भएका र रोष्टरमा रहि ईस्सुको प्रतिक्षामा रहनु हुने सम्पूर्ण व्यक्तिले कुनै पनि व्यक्ति, संस्था र सामाजिक सञ्जालहरु (TikTok, Facebook, Whatsapp group, Youtube channel र Vlog, आदी) मा प्रचार गरिएका झुट्ठा, भ्रामक आश्वासनको पछाडी नलागी यस कार्यालयको आधिकारिक वेभसाईट www.epsnepal.gov.np र फेसबुक पेज https://www.facebook.com/groups/epsnepal बाट प्रकाशित सूचनाहरु मात्र आधिकारीक मान्न हुन सरोकारवाला सबैमा अनुरोध गर्दछौं र त्यस्ता झुट्ठा, भ्रामक आश्वासन दिने दिलाउने कार्य कानून विपरित एवं दण्डनीय हुने हुँदा त्यस्ता गैर कानूनी कार्य नगर्न/नगराउन समेत जानकारी गराईन्छ । सन् २०२५ को कोरियन भाषा परीक्षा (EPS-TOPIK) मा सहभागी हुने सम्पूर्ण परिक्षार्थीहरुलाई सफलताको शुभकामना समेत व्यक्त गर्दछौं ।

थप जानकारीका लागि कार्यालयको फोन नं. ०१-५१८६३४९, ०१-५१८६३५० र ९७६६३८५७९१ (सुचना अधिकारी) मा सम्पर्क गर्नु हुन समेत अनुरोध छ ।

मितिः-२०८२।०९।२३

२०८२।९।२३

टिकाराम ढकाल

निर्देशक